# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०२/१९
चौथो अधिवेशन
(दशौँ बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको दशौँ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **मा० सदस्यहरु,**

प्रस्तुत विषयमा नेपालको संविधान एवं प्रदेश सभा नियमावलीमा भएको व्यवस्था बमोजिम यस सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक बर्ष २०७६।०७७ को लागि तयार गरेको नीति तथा कार्यक्रम माननीय प्रदेश प्रमुखज्यूबाट सम्वत् २०७६ जेष्ठ १९ गते आईतबार अपरान्ह ४:०० बजे प्रदेश सभामा प्रस्तुत हुने कार्यक्रम रहेकोले तद्अनुरुप सभाको बैठक व्यवस्थापन हुन अनुरोध गर्दछु भनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७६।०२।१७ गते र च.नं.१९२५ को पत्र प्राप्त भई सचिवालयमा दर्ता हुन आएको व्यहोरा जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

३. **माननीय सदस्यहरू,**

अब, म माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्टलाई प्रदेश सरकारको आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्लज्यू लाई उपलब्ध गराउनको लागि समय दिन्छु ।

***(पेश भएपछि)***

४.**माननीय सदस्यहरू,**

अब म माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्लज्यूलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ बमोजिम प्रदेश सरकारको आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न आग्रह गर्दछु।

माननीय सभामुखज्यू, माननीय सदस्यहरू

१. सुदूरपश्चिम प्रदेश सभाको यस गरिमामय चौथो अधिवेशनमा प्रदेश सरकारको आर्थिक वर्ष २०७६र०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ ।
२. विगतमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका विभिन्न राजनैतिक आन्दोलनमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका निमित्त आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै, राजनैतिक आन्दोलनका क्रममा बेपत्ता भएका नागरिक र घाइते योद्धाहरू प्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु।
३. मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भई संविधान कार्यान्वयनको चरणमा रहेकोले

यस प्रदेशको समृद्धि र विकासको यात्रामा अघि बढ्न हामीलाई सहजता मिलेको छ । प्रदेशका कृषि, जलस्रोत, पर्यटन, जडिबुटी र उद्योग लगायत समस्त क्षेत्रमा रहेको सम्भावनालाई उचित व्यवस्थापन एवं परिचालन गरी प्रदेशको समग्र विकास र समृद्धिका लागि हामी दृढ संकल्पित छौं । माननीय सभामुख महोदय, अब, म आर्थिक वर्ष २०७५।०७६ मा घोषित नीति तथा कार्यक्रमका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

४. नेपालको संबिधान कार्यान्वयनको छोटो अबधिमा संघीयताको महत्त्वपूर्ण आधारका रुपमा रहेको प्रदेश सरकार र प्रदेश सभाको मूलभुत आधारशिला तयार भएको छ । विकास र सुशासनको सुस्पष्ट दृष्टिकोण सहित प्रादेशिक कानूनको निर्माण, प्रशासनिक संगठन संरचनाको निर्माण र समायोजन भै आएका कर्मचारीहरूको व्यवस्थापन भएको छ । प्रदेश सरकारले केन्द्र र स्थानीय सरकारको नीति तथा कार्यक्रम एवं बजेटको कार्यान्वयन सहज भएको छ ।

५. यस वर्ष प्रदेशलाई आफ्नो संबैधानिक अधिकार प्रयोग गर्नका लागि केन्द्रवाट गरिनुपर्ने संगठन हस्तान्तरण र कर्मचारी समायोजनका बिषयहरु अघि बढेकोले आगामी दिनमा प्रदेश सरकारको कार्यसम्पादन थप प्रभावकारी र सबल हुने अपेक्षा गरिएको छ ।

६. प्रदेश सभाबाट यस प्रदेशको नाम “सुदूरपश्चिम प्रदेश र स्थायी राजधानी कैलाली जिल्लाको गोदावरी” मा रहने निर्णय भएको छ । राजधानी रहने स्थानमा भौतिक पूर्वाधार निर्माण हेतु जग्गा प्राप्ति एवं वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य प्रारम्भ गरिएको छ ।

७. प्रदेशको अधिकारक्षेत्रभित्र रहेका विषयहरूमा प्रदेश सभाबाट हालसम्म छब्बीसवटा बिधेयकहरु पारित भएका तथा प्रदेश सरकार, मन्त्रिपरिषद्बाट चारवटा नियमावली, एकतीसवटा कार्यविधि, पाँचवटा निर्देशिका, तीनवटा गठन आदेश, एकवटा आचारसंहिता र एकवटा मार्गदर्शन पारित भै लागू भएका छन् । साथै, प्रदेश सभामा दुईवटा विधेयकहरू बिचाराधीन अवस्थामा रहेका छन्। यसका अतिरिक्त सत्रवटा कानून निर्माणको लागि प्रदेश सरकार, मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति प्राप्त भई कानून तर्जुमाको चरणमा रहेका छन् । यसरी छोटो अबधिमा उल्लेख्य संख्यामा कानून निर्माणमा भएको प्रगति सन्तोषप्रद छ ।

८. चालु आर्थिक वर्ष २०७५।०७६ लाई कानून निर्माण वर्षको रुपमा लिई प्रदेश सरकारवाट प्राथमिकताका आधारमा कानूनी संरचना तयार गरिएकोले संविधान बमोजिम शासकीय अधिकारको प्रयोग एवं जनअपेक्षा अनुरुप सुशासन प्रवर्द्धन तथा विकास निर्माणका कार्य अघि बढाउने आधारहरू तयार भएका छन् ।

९. अन्तर प्रदेश समन्वय परिषद् र बित्त परिषद् मार्फत संघीयता कार्यान्वयनका बिषयमा पर्याप्त छलफल भई प्राप्त निष्कर्षलाई कार्यान्वयनमा लैजाने काम भएको छ । साथै, प्रदेश समन्वय परिषदको बैठक बसी प्रदेश र स्थानीय तह बीच नीतिगत समाञ्जस्यता, कानून निर्माण, योजना तर्जुमा र विकास निर्माणका कार्यहरू सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा अघि बढेका छन् ।

१०. चालू आर्थिक वर्ष सुरु हुँदा प्रदेश सरकार अन्तर्गत मन्त्रालय सहित बाह्रवटा निकाय तथा कार्यालयहरू रहेकोमा हाल मन्त्रालय र सो अन्तर्गत एकसय दुईवटा बिभिन्नस्तरका निकाय तथा कार्यालयहरू स्थापना भई सञ्चालनमा आएका छन् । संघीय सरकारबाट यस प्रदेशका लागि दुई हाजर तीन सय एघार पद तथा दरबन्दी निर्धारण भएकोमा सो मध्ये करिव चालीस प्रतिशत जनशक्ति समायोजन भई पदस्थापना भएका छन् । बाँकी रिक्त दरबन्दी पूर्ति भएमा प्रदेश सरकारबाट हुने सेवा प्रवाह र विकास निर्माणको कार्यमा थप तीव्रता आउनेछ ।

११. प्रदेश र स्थानीय तहका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनका लागि प्रदेश लोकसेवा आयोगको गठन सम्वन्धी बिधेयक प्रदेश सभामा दर्ता भएको छ। सो बिधेयक पारित भएपछि

प्रदेश लोकसेवा आयोगले चाँडै नै संस्थागत स्वरुप ग्रहण गर्ने र प्रदेश सरकारका निकाय एवं स्थानीय तहका लागि आवश्यक जनशक्ति अभावको समस्या समाधान हुनेछ ।

१२. कार्यहरु तीब्र रुपमा सञ्चालन गर्न र नागरिकहरुलाई गुणस्तरीय सेवा घरदैलोसम्म पुयाउन आवश्यक पर्ने संगठन संरचना, पद तथा दरवन्दी ब्यवस्थापन गर्नको लागि प्रदेश तहमा संगठन तथा ब्यवस्थापन सर्भेक्षणको लागि कार्य प्रारम्भ गरिएको छ ।

१३. सुशासन प्रबर्द्धनका लागि जनगुनासो सुनुवाई, हेलो सि. एम्. कक्ष सञ्चालन, जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन र नियमित अनुगमनका कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरिएका छन् । साथै, सीमा क्षेत्रमा आवागमन गर्ने नेपाली नागरिकको सहायताका लागि नागरिक सहायता कक्ष स्थापना गरी कार्यान्वयनमा ल्याइएको छ ।

१४. सुशासन र मानव अधिकार प्रवर्द्धनका लागि विभिन्न जिल्लामा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

१५. नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन र आवातजावतलाई सहज तुल्याउन सडक, पुल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने उद्देश्यले प्रदेश सरकारबाट यस प्रदेशका नौवटै जिल्लाहरूमा एक(एकवटा प्रदेश गौरवका सडकहरु छनौट भई बिस्तृत अध्ययन तथा सर्भेक्षणको काम भइरहेको छ । उक्त योजनाहरु मध्ये केही योजनाहरुको निर्माण कार्य प्रारम्भ भइसकेको छ । यसैगरी, जिल्ला सदरमुकामदेखि स्थानीय तहको केन्द्र र उक्त केन्द्रबाट वडाका केन्द्रसम्म जोड्ने सडकहरू सबै जिल्लामा निर्माणाधीन रहेका छन् ।

१६.यस वर्ष प्रदेशमा दुईसय बीस किलोमिटर सडकको ट्र्याक खोलिएको, बाउन्न किलोमिटर सडक ग्रावेल गरिएको र पन्ध्र किलोमिटर सडक कालोपत्रे गरिएको छ । साबिकमा निर्माण कार्य प्रारम्भ भई हस्तान्तरण भई आएका तीनवटा पक्की पुल र दुईवटा झोलुङ्गे पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् ।

१७. खानेपानी तथा सरसफाई तर्फ एकसय तेइस वटा योजना र सिँचाई तर्फ एकसय एक्सठ्ठी वटा योजना सम्पन्न भएका छन् ।

१८. संघीय सरकार, स्थानीय पुल समन्वय इकाई, झोलुङ्गे पुल समन्वय इकाई, बैकल्पिक ऊर्जा केन्द्रसंग पूर्वाधार विकास र ऊर्जा प्रवर्द्धन समेतका लागि सर्भे, डिजाइन, सुपरीवेक्षण लगायतका कामका लागि सम्झौता भई काम अगाडि बढेको छ । सातवटै प्रदेशका खेलाडीहरूको सहभागितामा अन्तर प्रदेश मुख्यमन्त्री कप खेलकुद प्रतियोगिता सम्पन्न भएको छ ।

१९. प्रत्येक निर्वाचन क्षेत्रमा खेल मैदान निर्माण गर्ने कार्य सञ्चालनमा रहेकोछ । प्रदेश गौरवको योजनाको रुपमा रहेको धनगढीस्थित फाप्ला क्रिकेट खेल मैदानको लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाइएको छ ।

२०. सबै स्थानीय तहमा निर्माण भइरहेका सामुदायिक बिद्यालय एवं शिक्षण संस्थाहरुको पूर्वाधार विकास एवं सुधारका कार्यक्रमहरु सम्पन्न हुने चरणमा पुगेका छन् ।

२१. सामूदायिक विद्यालयहरूमा कम्प्युटर, फोटोकपी, ईन्टरनेट जडानका कार्यहरू सम्पन्न गरी बिद्यालयहरुलाई सूचना प्रबिधिमैत्री बनाउने प्रयास थालिएको छ ।

२२. विपन्न, गरीव तथा जेहन्दार विद्यार्थीहरूका लागि जयपृथ्वी बहादुर सिंह छात्रवृत्ति, टिकाराम पार्की छात्रवृत्ति, दशरथचन्द छात्रवृत्ति, निजामती कर्मचारी सन्तती छात्रवृत्ति र उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराउने कानूनी व्यवस्था गरी कार्यान्वयनको चरणमा रहेको छ । पहाडी र उच्च हिमाली जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रहरूमा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन सुविधा सम्पन्न एम्बुलेन्सहरू खरिद भई हस्तान्तरणको चरणमा रहेका छन् । प्रदेशका नौ वटै

जिल्लाहरूमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नको लागि नयाँ स्वास्थ्य चौकी भवनहरू निर्माण, मौजुदा स्वास्थ्य चौकी भवनहरूको मर्मत सम्भार र स्वास्थ्य उपकरण आपूर्तिको कार्य सम्पन्न भएको छ ।

२४. सेती अस्पताल भवनको मर्मत सम्भार तथा निर्माणको कार्य सञ्चालनमा रहनुका
साथै सबै जिल्ला अस्पतालहरूलाई आधारभूत औषधी तथा अत्यावश्यक स्वास्थ्य उपकरणहरू उपलब्ध गराइएको छ । विपद् जोखिम र दुर्घटनामा परेका नागरिकहरू र जीवन जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती महिलालाई हवाई उद्धार गरी स्वास्थ्य सेवामा पहुँच पुयाइएको छ ।

२५. उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन प्रवर्द्धन र वन तथा वातावरण सम्बन्धी नीतिगत व्यवस्था भई विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

२६. जग्गा प्रशासन तथा भू(उपयोग सम्बन्धी नीति निर्माण र मापदण्ड तयार हुने क्रममा रहेको छ ।

२७. खाद्यान्नको आयात घटाउन गुणस्तरीय बीउ उत्पादनको कार्य सञ्चालनमा रहेको छ । यसबाट पाँचसय मेट्रिक टन खाद्यन्न बिउ उत्पादन भई आठसय हेक्टर क्षेत्रफलमा उन्नत बीउ प्रयोगमा ल्याइएको छ । यसबाट पन्ध्र देखि बीस प्रतिशत उत्पादन बृद्धि हुने अपेक्षा गरिएको छ ।

२८. सात जिल्लाका छयासट्ठी स्थानीय तहका तेह्रहजार पाँचसय परिवारलाई हिँउदे फलफूलका विरुवाहरू निःशुल्क वितरण गरिएको छ । यसबाट प्रदेश फलफूलमा आत्मनिर्भर हुने अपेक्षा गरिएको छ ।

२९. सिँचाई सुविधा नपुगेका क्षेत्रमा साना तथा सहकारी सिँचाईका दुईसय एकचालीस वटा योजनाहरू सञ्चालनमा रहेका छन् । यसबाट करिब एक हजार हेक्टरमा सिँचाई भई उत्पादन र उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ ।

३०. कृषिको आधुनिकीकरणका लागि नौसय वटा यन्त्र(उपकरणहरू वितरण गरिएको छ । यसबाट कृषिको उत्पादन तथा उपादकत्व अभिवृद्धिमा टेवा पुग्नेछ ।

३१. पशुपंक्षीलाई विभिन्न रोगबाट बचाउन प्रदेशमा सात लाख छत्तिस हजार भेडाबाखालाई पिपिआर विरुद्ध खोप तथा एक लाख अठ्चालीस हजार चार सय चौसट्ठी गाईभैंसीलाई खोरेत रोग विरुद्ध खोप सञ्चालन गरिएको छ ।

३२. मुलुकको आवधिक योजना र अन्तर्राष्ट्रिय रुपमा प्रतिवद्धता जनाइएको दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी प्रदेशको वार्षिक विकास योजना र कार्यक्रम तर्जुमा गर्नुका साथै प्रथम पञ्चवर्षीय योजना निर्माणको प्रक्रिया अगाडि बढाइएको छ ।

३३. तथ्यांक तथा सूचनामा आधारित योजना प्रणाली विकास गर्नको लागि प्रदेशको प्रोफाइल एवं बेस लाइन बहुसूचक सर्वेक्षणको प्रारम्भिक कार्य अगाडि बढेको छ ।

३४. प्रदेशको सन्तुलित विकासलाई टेवा पुर्‍याउन, योजना छनौट र कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न, उपलब्ध स्रोत साधनको महत्तम उपयोग गर्न प्रदेश सरकारबाट आयोजना छनौट मापदण्ड निर्माण गरिएको छ ।

माननीय सभामुख महोदय, अब, प्रदेश सरकारको आर्थिक वर्ष २०७६र०७७ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

३५. आर्थिक वर्ष २०७६र०७७ का लागि संघीय सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटसँग तादाम्यता एवं सन्तुलन कायम हुने गरी तथा स्थानीय तहबाट प्राप्त सुझाव समेतलाई ध्यानमा राखी प्रदेश सरकारबाट यस आर्थिक वर्ष २०७६र०७७ का लागि नीति तथा कार्यक्रमको तर्जुमा गरिएको छ ।

३६. उपलब्ध वित्तीय स्रोतको वितरण भौगोलिक विकटता, आवश्यकता, समावेशिता, समन्यायिक

एवं समानुपातिक ढंगले गरिनेछ ।

३७. प्रदेशको उच्च आर्थिक विकास तथा समाजवाद उन्मुख अर्थतन्त्रको गन्तव्यमा पुग्नको लागि सार्वजनिक, नीजि एवं सहकारी क्षेत्रलाई प्रदेशको समृद्धिको संवाहकको रुपमा लिइनेछ ।

३८. सरोकारवालाको सहभागितामा सार्वजनिक, नीजि साझेदारी सम्बन्धी नीति तर्जुमा गरी निकायगत भूमिका, लगानी र सञ्चालन विधि व्यवस्थित गरिनेछ ।

३९. प्रदेश सरकारले चालू खर्चमा मितव्ययिता अपनाउँदै पूँजीगत खर्च वृद्धि गर्ने क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गर्नेछ ।

४०. सबै प्रकारका आम्दानी तथा खर्चको अद्यावधिक अवस्था खोजेको बेला तत्काल उपलब्ध हुने संयन्त्र तयार गरिनेछ ।

४१. सहकारी क्षेत्रलाई व्यवस्थित र जिम्मेवार बनाउन आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

४२. प्रदेश सरकारले बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी र अन्य कम्पनी स्थापना गर्ने नीतिगत व्यवस्थाको लागि पहल गरिनेछ ।

४३. सबै स्थानीय तहमा बैंक र वित्तीय संस्थाको पहुँच वृद्धि गर्न संघीय सरकार तथा नेपाल राष्ट्र बैंकसँग आवश्यक समन्वय गरिनेछ ।

४४. प्रदेश योजना आयोग र प्रदेश लगानी बोर्ड गठन गर्न आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

४५. स्वरोजगार विकास कोषको स्थापना गरी कोषको उद्देश्य बमोजिम गरीब तथा वेरोजगार युवाहरूलाई व्यावसायिक तथा सीपमूलक तालीम प्रदान गरी स्वरोजगार बनाई सम्मानपूर्वक जीवन विताउने अवसरको सृजना गरिनेछ ।

४६. केन्द्रीय तथ्याङ्क विभागले हालै प्रकाशित गरेको विवरण अनुसार मुलुकको कूल ग्रार्हस्थ उत्पादनमा यस प्रदेशको कूल ग्रार्हस्थ उत्पादनको आधार मूल्यमा वृद्धि दर ६.२५ प्रतिशत र योगदान ७.२२ प्रतिशत रहेको छ । आगामी दिनमा आर्थिक क्रियाकलापको बढोत्तरी गरी ग्रार्हस्थ उत्पादनको योगदानमा वृद्धि गर्दै लगिनेछ।

४७. यस प्रदेशको औषत प्रतिव्यक्ति आय छसय पचासी अमेरिकी डलर रहेको छ ।यसलाई निरन्तर वृद्धि गर्नको लागि प्रदेश सरकारको बजेट तथा कार्यक्रम केन्द्रित हुनेछ ।

४८. केन्द्रिय तथ्याङ्क विभागले हालै जारी गरेको नेपाल श्रमशक्ति सर्वेक्षणको नतिजा अनुसार प्रदेशको श्रमशक्तिको बेरोजगारी दर ११.५ प्रतिशत र प्रदेशमा कूल जनसंख्या र रोजगारीको अनुपात २४.१ रहेको देखिन्छ । आगामी दिनमा रोजगारी सिर्जनाका थप कार्यक्रमहरू कार्यान्वयनमा ल्याई क्रमशः वेरोगारी घटाउँदै लगिनेछ ।

४९. प्रदेशको ग्रामीण भेगका नागरिकलाई लक्षित गरी वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, “एक व्यक्ति एक खाता“ कोकार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५०. प्रदेशको अधिकार क्षेत्रभित्र रहेको राजश्वका स्रोतहरुको अधिकतम परिचालन गर्दै आन्तरिक श्रोतलाई विस्तार गर्ने नीति अबलम्बन गरिनेछ ।

५१. स्वीकृत वार्षिक कार्यक्रममा खर्च नगरी नयाँ कार्यक्रमको लागि थप वजेट माग गर्ने कार्यलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

५२.ण प्रदेश सरकार अन्तर्गतका निकायहरूमा कार्यरत कर्मचारीलाई कामप्रति थप उत्प्रेरित गर्न र कार्य सम्पादनलाई प्रभावकारी तुल्याउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

५३. विनियोजन कुशलता मार्फत सार्वजनिक खर्चमा प्रभावकारिता ल्याइनेछ ।

५४. आर्थिक स्थायित्व र मूल्य स्थितरता कायम गर्न संघीय सरकार तथा स्थानीय तहमा आवश्यक समन्वय गरिनेछ ।

५५. प्रदेश सरकारको अनुदानबाट संचालित कार्यक्रमको अनिवार्य रुपमा वीमा गर्ने नीति अवलम्बन गरिनेछ ।

५६. मानव विकास सुचकाङ्क र भौतिक पूर्वाधार विकासको दृष्टिकोणबाट प्रदेशका पछाडि परेका बाजुरा लगायतका अन्य जिल्लाहरूका लागि बजेट तथा कार्यक्रम निर्धारण गर्दा विषेश ध्यान दिइनेछ ।

माननीय सभामुख महोदय,

५७. खुला र प्रतिस्पर्धी बजार व्यवस्थालाई आत्मसात गर्दै उपलब्ध आर्थिक प्रतिफलको न्यायोचित वितरण मार्फत सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति गरी समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने नीति लिइनेछ ।

५८. प्रदेशमा लगानीको उपयुक्त वातावरण बनाई उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि सहितको आर्थिक विकास हासिल गर्ने दिशामा सरकारको बजेट तथा कार्यक्रम केन्द्रित रहनेछ ।

५९. प्रदेशको लागि आवश्यक पर्ने आर्थिक स्रोतहरु, प्रदेशले परिचालन गर्न सक्ने स्रोतहरु लगायतका विषयमा विश्लेषणात्मक अध्ययन गरिनेछ ।

६०. प्रदेशले संचालन गर्ने विकास परियोजनाहरु निश्चित मापदण्डको आधारमा छनौट गर्ने र प्राथमिकीकरण गर्ने औजारको रुपमा मध्यकालीन खर्च संरचनालाई कार्यान्वयनमा ल्याइनेछ ।

६१. प्रदेशमा परियोजना बैंक निर्माण गरी सो बैंकमा समावेश भएका प्राथमिकता प्राप्त आयोजनाहरुलाई महत्वका साथ कार्यान्वयन गरिनेछ ।

६२. प्रदेशमा रहेका प्राकृतिक स्रोत साधन परिचालनको अवस्था तथा उपयोग गर्न सकिने सम्भावना समेतको आधारमा रोयल्टी शूल्क बारे अध्ययन गरी प्राप्त नतिजालाई कार्यान्वयनमा ल्याइनेछ ।

६३. प्रदेश सरकारका सबै प्रकारका सम्पत्तिहरुको एकीकृत अभिलेख व्यवस्थापन र प्रयोगका सम्बन्धमा सिफारिस गर्न कार्यदल गठन गरिनेछ ।

६४. विकास साझेदारहरुसंग सहकार्य गर्न सकिने विषय, क्षेत्र, प्रणाली तथा प्रक्रियाका आधारहरू पहिचान गरिनेछ ।

६५. बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग गरिनेछ ।

६६. आयोजना तथा कार्यक्रम छनौट गर्दा दोहोरो नपर्ने गरी छनौट गर्ने नीति अवलम्बन गरिनेछ ।

६७. हिमाली तथा पहाडी क्षेत्रबाट तराई क्षेत्रमा भैरहेको बसाईसराईलाई रोक्न स्थानीयस्तरमा नै आवश्यक सेवा सुविधा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

माननीय सभामुख महोदय,

६८. संघीय सरकारले प्रमाणिकरण र वर्गिकरण गरेको आधारमा मुक्त कमैया, मुक्त हलिया, मुक्त कमलहरी, भूमिहीन, वादी, राजी, राउटे समूदायलाई व्यवस्थित गर्न रोजगारी तथा अन्य कार्यक्रम सञ्चालन गरी निरन्तरता दिइनेछ ।

६९. विपन्न थारु समुदायको वृहत्तर हितका लागि विकास कार्यक्रमहरूको पहिचान गरी एकिकृत रुपमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७०. थारु समुदायमा लाग्ने सिकलसेल इनिमिया रोगको निदान एवं उपचारको कार्यलाई निरन्तरता दिइनेछ ।

७१. विद्यालय पहुँच बाहिर रहेका प्रदेशका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याई प्रदेशलाई तीन वर्षभित्र पूर्ण साक्षर प्रदेश बनाइनेछ ।

७२. प्रदेशका सबै समुदायका भाषा, लीपि, संस्कति, कला, संगित, साहित्य आदिको संरक्षण,

सम्वर्द्धन तथा विकास गर्न प्रदेश प्रज्ञा प्रतिष्ठानको स्थापना गरिनेछ ।

७३. प्रदेश भित्रका प्राचीन महत्वका गढी, किल्ला, प्राचीन स्मारक एवं ऐतिहासिक, धार्मिक, सांस्कतिक संरचनाहरुको मर्मत सम्भार, सम्वर्द्धन र संरक्षण गरी प्रचार प्रसार गरिनेछ ।

७४. महिला हिंसा, छाउपडी प्रथा, बोक्सी प्रथा, जातीय भेदभाव उन्मूलन गर्न सामाजिक रुपान्तरणको अभियान संचालन गरिनेछ । साथै चेलीबेटी, बालबालिका बेचबिखन तथा मानव ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५. वालविवाह र बहुविवाहलाई रोकथाम गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

७६. प्रदेशभित्रका अनाथ तथा सडक वालवालिकाहरूको उचित हेरचाह, शिक्षा र स्वास्थ्यको व्यवस्था गर्न आवश्यकता अनुसार बालसुधार गृह निर्माण गर्ने नीति लिइनेछ ।

७७. जेष्ठ नागरिक, महिला, बालबालिका, दलित समुदायमाथि हुने सबै प्रकारका विभेद र हिंसा विरुद्ध सचेतनाका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

माननीय सभामुख महोदय,

७८. प्रदेश भित्र अनिवार्य तथा निःशुल्क आधारभूत र गुणस्तरीय शिक्षाको राष्ट्रिय नीतिको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने गरी सामूदायिक विद्यालयहरूमा कार्यरत वालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई प्रोत्साहन गरिनेछ।

७९. विद्यालयहरूको भौतिक पूर्वाधार सुधारका कार्यलाई निरन्तरता दिईनेछ, विपद् जोखिमबाट सुरक्षित र उत्थानशील शैक्षिक संस्थाहरूको निर्माण तथा विकास गरिनेछ ।

८०. उच्च शिक्षालाई स्तरीकृत गर्न र सञ्चालन तथा व्यवस्थापनमा एकरुपता ल्याउन विश्वविद्यालय, अनुसन्धान केन्द्र, अध्ययन प्रतिष्ठान, कलेज लगायतका उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरुको स्थापना र सञ्चालनमा जोड दिइनेछ ।

८१. सुदूरपश्चिम विश्व विद्यालयको सू(सञ्चालन र सुदृढिकरणको लागि संघीय सरकारसँग समन्वय गरी सहजिकरण गरिनेछ ।

८२. देशभक्ति तथा जिम्मेवार र सभ्य नागरिकको निर्माणमा योगदान पुयाउन विद्यालय शिक्षा पाठ्यक्रममा आवश्यक विषय समावेश गराउन पहल गरिनेछ ।

८३. प्रदेश प्राविधिक विश्वविद्यालय र पोलिटेक्निकल संस्थाहरूको स्थापनाका लागि विस्तृत अध्ययन गरी कार्यारम्भ गरिनेछ ।

८४. प्रदेशस्तरमा सूचना प्रविधि पार्कको स्थापनाको लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

८५. नतिजामूलक अनुगमन तथा मूल्याङ्कनलाई स्थापित गर्न कानूनी र नीतिगत व्यवस्थालाई संस्थागत गरी अन्तर निकायगत तथा अन्तरसरकारी समन्वय र सहकार्यको विकास गरिनेछ । प्रदेशस्तरीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास र प्रयोग गरिनेछ ।

८६. मौलिक हकका रुपमा रहेको आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी कार्यन्वयन गर्ने नीति लिइनेछ ।

८७. सेती अस्पताल र महाकाली अस्पताललाई प्रादेशिक अस्पतालको रुपमा स्तरोन्नती गरिनेछ । साथै, जिल्ला अस्पतालहरूको क्षमता अभिवृद्धि गरी सुबिधा सम्पन्न बनाउने नीति लिइनेछ ।

८८. सुदूरपश्चिम प्रदेशमा आयुर्वेद स्वास्थ्य बिज्ञान प्रतिष्ठानको विस्तृत परियोजना प्रतिवेदन तयार गरी आवश्यक संरचना निर्माण कार्यको प्रारम्भ गरिनेछ । साथै, अन्य वैकल्पिक चिकित्सा प्रणालीहरुको संरक्षण र संबर्द्धन गरिनेछ । सार्वजनिक स्वास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरू र नीजि क्षेत्रमा संचालित अस्पताल, क्लिनिक, फार्मेसीको नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

९०. स्वास्थ्य बीमा कार्यक्रम सबै जिल्लामा बिस्तार गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

माननीय सभामुख महोदय,

९१. राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा पदक प्राप्त गरी खेलबाट सन्यास लिएका प्रदेश भित्रका खेलाडीहरुको न्युनतम रुपमा जीविकोपार्जन गर्ने व्यवस्था गर्न "निवृत्त खेलाडी कल्याणकारी कोष" को व्यवस्थापन गरिनेछ । साथै, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा पदक प्राप्त खेलाडीहरूलाई सम्मान गरिनेछ ।

९२. प्रदेशमा साहसिक खेल तथा खेल पर्यटन प्रवर्द्धनको लागि सम्भाव्यता अध्ययन गरिनेछ । ९३. मुख्यमन्त्री अन्तरप्रदेश खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

९४. प्रदेशको विकास र स्वरोजगारीलाई टेवा पुग्ने गरी "मुख्यमन्त्री प्रदेश स्वंयम् सेवक परिचालन कार्यक्रम" तर्जुमा गरी सञ्चालन गरिनेछ । बैदेशिक रोजगारीबाट सीप तथा तालिम लिइ फर्किएका व्यक्तिहरूलाई पेशा व्यवसाय संचालनका लागि सहुलियत दरमा ऋण उपलब्ध गराउने नीति लिइनेछ ।

९६. भारतमा रोजगारी गर्न जाने युवाहरुलाई वीमा गर्नका लागि प्रोत्साहन गरिनेछ ।

९७. जनयुद्ध तथा जनआन्दोलनका घाइते एवं भिन्न क्षमता भएका व्यक्तिहरुका लागि क्षमता विकास र रोजगारीका कार्यक्रमहरु संचालन गरिनेछ ।

९८. महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । ९९. सार्वजनिक विद्यालयमा अध्ययन गरेका पिछडिएको क्षेत्र र वर्गका जेहेनदार विद्यार्थीहरूलाई मापदण्ड बनाई चिकित्सा शिक्षा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

१००. दलित, द्वन्द्व पीडित, अदिबासी, जनजाति, सीमान्तकृत, अतिविपन्न समुदायका जेहेनदार विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०१. कृषि तथा वन विज्ञान विषयमा स्नातक तहको अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ । १०२. बृद्धाश्रम र दिवा सेवा केन्द्रको स्थापना गरिनेछ ।

१०३. मनोरोगी तथा पुर्ण अशक्त व्यक्तिहरूको लागि कल्याणकारी व्यवस्था गरिनेछ ।

माननीय सभामुख महोदय,

१०४. "परिवर्तित कृषि प्रणाली, मौसम सुहाँउदो खेती, माटो सुहाँउदो उत्पादन, उत्पादन अनुसारको बजार" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०५. कृषि तथा पशुपन्छी क्षेत्रको दीगो विकास गर्न "मुख्यमन्त्री एकिकृत कृषि कार्यक्रम" अन्तर्गत "नमूना कृषि गाउँ, आफै बनाउँ" कार्यक्रम संचालन गरिनेछ।

१०६. सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, वन क्षेत्रको जग्गाको एकिकृत अभिलेख तयार गरी त्यसको उपयोग र संरक्षणका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

१०७. प्रदेशमा खाद्य सम्प्रभुताको हक प्रत्याभूति हुने गरी ज्ञानमा आधारित व्यवसायिक कृषिको विकास गर्ने सोचका साथ कृषि क्षेत्रका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०८. प्रदेशमा कृषिलाई दीगो, प्रतिस्पर्धी र व्यवसायिक बनाई कृषि उपजको बजारमा पहुँच एवं रोजगारीको वृद्धि गरी कृषकको समृद्धिमा सहयोग पुयाउने नीति अबलम्वन गरिनेछ ।

१०९. "एक घर, एक तालिम प्राप्त व्यक्ति" हुने गरी कृषि तथा पशुपन्छी सम्बन्धी तालिमहरु संचालन गरिनेछ ।

११०. खेती योग्य जमिनमा व्यवसायिक कृषकहरुको पहुँच विस्तार गर्न करार खेती चकलाबन्दी, समूदाय र सहकारी खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

१११. कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि आवश्यक पूर्वाधार मल बीउ, सिँचाई र प्रविधिको समुचित व्यवस्था गरिनेछ ।

११२. कृषि शिक्षा हासिल गरेका युवाहरुलाई व्यवसायिक कृषि संचालन गर्न पुंजीगत अनुदान तथा सहुलियतपूर्ण ऋणको व्यवस्था मिलाइनेछ ।

११३. प्राङ्गारिक मल कृषि कार्यक्रम संचालन गरिनेछ ।

११४. प्रदेश भित्र पशुपन्छी तथा मत्स्यपालनलाई व्यवसायिक बनाउनका लागि कृषकहरुको मागमा आधारित तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

११५. पशुपन्छी पालनलाई ग्रामीण क्षेत्रको स्वरोजगारी र दीगो आय आर्जनको श्रोत बनाउनका लागि नमूना पशु विकास कार्यक्रम संचालन गरिनेछ ।

११६. प्रदेशका रैथाने घरपालुवा पशुपन्छीको अनुवांशिक श्रोतको संरक्षण गरी त्यसलाई व्यवसायिक उत्पादनमा उपयोग गरिनेछ ।

११७. प्रदेशका विभिन्न जिल्लाहरुमा सरकारी निजी साझेदारी अवधारणा अनुसार भैसी, बाखा भेडा र बंगुरका श्रोत केन्द्रहरु स्थापना गर्ने नीति लिइनेछ ।

११८. दूधको वजार विस्तार गर्न दुग्धजन्य पदार्थको विविधीकरण र साना तथा मझौला चिस्यान केन्द्रहरुको संजाल निर्माण गर्ने एवं दुग्ध उद्योग संचालन गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

११९. भूमिको वर्गिकरण गरी कृषि क्षेत्र औद्योगिक क्षेत्र वन क्षेत्र बस्ती तथा शहरी क्षेत्र तोकी तदनुरुप कार्य गर्न प्रोत्साहन गरिनेछ ।

१२०. बाढी तथा डुवानबाट जोखिम रहित उकास जग्गाको समुचित उपयोग गरिनेछ।

१२१. संघीय सरकारसँग समन्वय गरी प्रदेशका मुक्त कमैया, मुक्त कमलरी, मुक्त हलिया तथा सुकुम्बासीको पुर्नस्थापना गर्ने कार्यलाई समन्वय गरी निरन्तरता दिइनेछ ।

१२२. "मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम" प्रदेशका नौवटै जिल्लामा लागू हुने गरी संचालन गरिनेछ ।

१२३. सहकारी संस्था मार्फत स्थानीय स्रोत, श्रम, सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक(सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

१२४. सहकारी संस्थाहरुलाई कृषिजन्य उत्पादनको भण्डारण, प्रशोधन र बजारीकरण गर्न प्रोत्साहित गरिनेछ ।

१२५. सरकारी, सहकारी र नीजि क्षेत्रबीच समन्वय कायम गरी गरिबी न्यूनीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

माननीय सभामुख महोदय,

१२६. सरकारी, सहकारी तथा नीजि क्षेत्रको साझेदारीमा वन संवर्द्धन प्रणालीमा आधारित वन पैदावारको विविधिकरण र त्यसको बहुआयामिक उपयोगबाट रोजगारी सिर्जना गरी अर्थतन्त्रमा योगदान पुयाउने नीति अबलम्बन गरिनेछ ।

१२७. पर्यापर्यटन एवं वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक कच्चा पदार्थको आपूर्तिका लागि व्यावसायिक कबुलियती वन कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

१२८. सामदायिक वन. कबलियत वन तथा वैज्ञानिक वन व्यवस्थापनका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

१२९. बढ्दो वन अतिक्रमणलाई निरुत्साहित गर्न प्रदेश वन सुरक्षण योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३०. अतिक्रमणमा परेको वन क्षेत्र र सार्वजनिक जमिनलाई फिर्ता ल्याउने संघीय सरकारको नीति अनुरुप प्रादेशिक कार्यक्रम अघि बढाईनेछ ।

१३१. वन डढेलो व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण, पूर्व तयारी, डढेलो नियन्त्रण र

डढेलो प्रतिरोधी क्षमता विस्तार गरिनेछ ।

१३२. वन, वनस्पति, जैविक विविधता र वातावरण संरक्षणको कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१३३. जलाधार श्रोतहरुको संरक्षण र व्यवस्थापन गर्न प्रदेशस्तरमा रणनैतिक आधारशिला तय गरिनेछ ।

१३४. कर्णाली-महाकाली नदीबीचको शिवालिक क्षेत्रमा जैविक विविधता, जलाधार तथा सिमसार र चुरे क्षेत्रको संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३५. चुरे क्षेत्रको दोहन तथा अतिक्रमण रोक्न राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई संघीय सरकारसँग समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१३६. तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, खेती विस्तार एवं निर्यातका लागि ब्रान्डिङ्ग सहितको बजार प्रवर्द्धन गरिनेछ ।

१३७. प्रदेशका पहाडी जिल्लाहरूमा ओखर, कफी, चिया खेती हुने स्थान छनौट गरी उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ ।

१३८. प्रदेशमा खोटेसल्ला तथा गैरकाष्ठमा आधारित साना तथा मझौला उद्योगहरु स्थापना तथा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१३९. जडिबुटीको अध्ययन, अनुसन्धान र प्रविधिको विस्तार गरी आयआर्जनसँग आवद्ध गर्दै व्यवसायिकरण र बजारीकरणमा जोड दिइनेछ ।

१४०. लोपोन्मुख वन्यजन्तुको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

माननीय सभामुख महोदय,

१४१. उद्योग स्थापना र विकासको लागि प्रदेशमा लगानी अभिवृद्धि गर्न एकद्वार प्रणाली अवलम्बन गरी लगानी मैत्री वातावरण निर्माण गरिनेछ ।

१४२. उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थको सहज आपूर्तिको उचित व्यवस्था गरिनेछ ।

१४३. खनिज उद्योग सम्बन्धी आवश्यक प्रादेशिक नीति तथा ऐन तर्जुमा गरी खानीजन्य वस्तुको अन्वेषण गर्ने कार्य अघि बढाइनेछ ।

१४४. "एक स्थानीय तह, एक औद्योगिक उत्पादन" सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१४५. प्रदेशमा औद्योगिक लगानी प्रवर्द्धन गर्न प्रादेशिक लगानी सम्मेलनको आयोजना गरिनेछ ।

१४६. प्रदेशमा औद्योगिक क्षेत्र, औद्योगिक कोरिडोर र औद्योगिक ग्राम स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१४७. लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१४८. परम्परागत तथा स्थानीय ज्ञान, सीप र प्रविधिको संवर्द्धन र संरक्षण गर्दै प्रदेशको समग्र विकास प्रकृयामा उपयोग गरिनेछ ।

१४९. वाणिज्य नीति र नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका यस प्रदेशबाट निर्यात हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न, गुणस्तर, व्यापार विविधीकरण, मूल्य अभिवृद्धि र मूल्य श्रृङ्खला व्यवस्थापनमा जोड दिँदै निर्यात प्रवर्द्धन गर्ने व्यवस्था मिलाईनेछ ।

१५०. दैनिक उपभोग्य वस्तु तथा सेवालाई सुलभ बनाउन एवं उपभोक्ता हितलाई संरक्षण गर्न कानून अनुसार बजार अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

१५१. प्रादेशिक व्यापार व्यवसायको तथ्यांकलाई अद्यावधिक राख्ने व्यवस्था मिलाउँदै व्यवसाय दर्ता, नवीकरण गर्न प्रोत्साहन गरिनेछ ।

१५२. अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थापनमा प्रदेश सरकारको भूमिका बढाउदै विपद्को

समयमा पनि वस्तु तथा सेवाको आपूर्ति सहज बनाउन संस्थागत र भण्डारण क्षमता वृद्धि गरिनेछ ।

१५३. प्रदेश पर्यटन बोर्डको गठनका लागि कानूनी व्यवस्था गरिनेछ ।

१५४. धार्मिक, सास्कृतिक तथा प्राकृतिक पर्यटन स्थलहरूको पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।

१५५. पर्यटकको बसाइ अवधि लम्ब्याउनका लागि पर्यटकीय सेवा सुविधा वृद्धि गर्ने तथा सुरक्षाको वातावरण निर्माण गरिनेछ ।

१५६. भ्रमण वर्ष, २०२० संग तादम्यता हुने गरी प्रादेशिक पर्यटन विकासका कार्यक्रमहरु समेत सञ्चालन गरिनेछ ।

१५७. साहसिक पर्यटनलाई पर्यटकीय व्यवसायको रूपमा विकास गर्न स्की, रकक्लाम्बिङ्ग, प्याराग्लाइडिङ, बन्जी जम्पिङ, याफ्टिङ्ग आदि क्रियाकलापहरूलाई प्रोत्साहन गरिनेछ ।

१५८. प्रदेशका विभिन्न पर्यटकीय स्थलहरूमा होमस्टे सञ्चालनलाई प्रोत्साहन गरिनेछ।

१५९. प्रदेश प्रवेशद्वारहरूमा स्थानीय तहसँगको सहकार्यमा पर्यटकीय सूचना केन्द्रको स्थापना गरिनेछ।

१६०. प्रदेशभित्रका सञ्चालनमा नरहेका विमानस्थललाई स्थानीय नागरिकको माग र उपलब्ध हुन सक्ने हवाई यात्रुसमेतको चापलाई ध्यानमा राखी हवाई सेवा सञ्चालन गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

१६१. गेटा विमानस्थलको स्तरोन्निति पछि रात्रीकालीन उडान समेत गर्न हवाई कम्पनीहरुसंग आवश्यक समन्वय गरी नियमित सेवा विस्तार गर्न पहल गरिनेछ।

१६२. जलवायु अनुकूलित गाउँको स्थापना र विकास गरी धुंवारहित घर अभियानलाई प्रभावकारी रुपमा विस्तार गरिनेछ ।

१६३. शहरी प्रदूषण न्यूनीकरण गर्ने तथा जल, जमीन, ध्वनि तथा वायु प्रदूषण नियन्त्रण सम्बन्धी कानून बनाई कार्यक्रम सञ्चालन गरिनेछ ।

माननीय सभामुख महोदय,

१६४. सतह सिचाई, नयाँ प्रविधिमा आधारित र भूमिगत जल सिचाई लगायत बहुउद्देश्यीय सिचाई प्रणालीको विकास, बिस्तार र प्रवर्द्धन गरिनेछ ।

१६५. प्रदेशका सवै क्षेत्रमा आवश्यकता र सम्भाव्यताको आधारमा सिंचाईको विकास गर्न गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१६६. जल उत्पन्न प्रकोपबाट सिर्जित भौतिक तथा आर्थिक हानी नोक्सानीलाई तटबन्ध, स्पर, चेकड्याम, वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जनसहभागितामूलक पद्धति अपनाई न्यूनीकरण गरिनेछ ।

१६७. प्रदेशभित्रका नदीहरुको नियन्त्रणरव्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ ।

१६८. जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरी परियोजना बैंकको निर्माण गरिनेछ । साथै, साझेदारीको अवधारणा अनुरुप जलविद्युत् उत्पादनमा जोड दिइनेछ ।

१६९. मझौला नदीहरुको डाइभर्सन तथा बहुउद्देश्यीय योजना सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१७०. स्थानीय तहसंग समन्वय गरी प्रदेशभित्र सञ्चालनमा रहेका लघु जल विद्युत योजनाहरुको मर्मत संभार गरिनेछ ।

१७१. ग्रामीण तथा दुर्गम क्षेत्रमा बैकल्पिक उर्जाको सम्भाव्यता अध्ययन गरी सम्भाव्य स्थानहरुमा आवश्यकता अनुसार सौर्य उर्जालगायत अन्य बैकल्पिक उर्जाको विकास गरिनेछ ।

१७२. सबैलाई आधारभूत खानेपानी तथा सरसफाई सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा

अभिवृद्धि गरिनेछ ।

१७३. प्रदेश राजधानीको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने कार्य अगाडि बढाइनेछ।

१७४. भिन्नक्षमता भएका नागरिकमैत्री हुने गरी सबै पूर्वाधार संरचनाहरूको निर्माण गरिने नीति अवलम्बन गरिनेछ ।

१७५. कैलालीको फाप्लामा अन्तरराष्ट्रियस्तरको बहुउपयोगी रंगशाला निर्माण गरिनेछ।साथै, "एक निर्वाचन क्षेत्र, एक खेल मैदान" को कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७६. प्रदेश स्पोर्टस एकेडेमीको विस्तृत सम्भाव्यता अध्ययन गरी सञ्चालन गर्ने नीति लिइनेछ ।

१७७. सार्वजनिक र नीजि भवन निर्माण सम्बन्धी नीति तथा मापदण्ड बनाई लागू गरिनेछ ।

१७८. "एक जिल्ला, एक नमूना शहर" को अवधारणा अनुरुप अध्ययन कार्य अगाडि बढाइनेछ ।

१७९. पुराना ऐतिहासिक, साँस्कृतिक धरोहर, गाँउ र वस्तीलाई पर्यटकीय आकर्षणका रुपमा विकास गरिनेछ ।

१८०. प्रत्येक जिल्लाका कम्तिमा एक स्थानलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

१८१. प्रदेश गौरवका सडकहरुको कार्य उच्च प्राथमिकता र तीव्रताका साथ अगाडि बढाइनेछ ।

१८२. प्रादेशिक यातायात गुरुयोजना तर्जुमा गरी प्राथमिकताका आधारमा प्रादेशिक सडक तथा सडक पुलहरुको निर्माण, सुदृढिकरण एवं स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ ।

१८३. प्रदेश बस सेवा सञ्चालनका लागि प्रदेश यातायात प्राधिकरण गठन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१८४. पूर्वाधारहरुको पहिचान र सर्वेक्षण गरी लागत अनुमान सहितको आयोजना बैंक बनाइनेछ ।

१८५. सडक दुर्घटना न्यूनिकरणका लागि डिजाइन, निर्माण एवं स्तरोन्नतिका चरणमा सडक सुरक्षा जाँचको व्यवस्था गरिनेछ । सडक सुरक्षा पर्खाल सहितका रोड फर्निचर्स निर्माण गरी सबै सडकहरुलाई सुरक्षित बनाइनेछ ।

१८६. राष्ट्रिय तुइन विस्थापन कार्यक्रमको उद्देश्य अनुरुप तुइनहरु विस्थापित गर्ने र आवश्यक स्थानमा झोलुङ्गे पुलहरुको निर्माणमा जोड दिइनेछ ।

१८७. प्रदेशका ठूला नदीहरुमा जल यातायातको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा जल यातायात सञ्चालनमा ल्याइनेछ ।

माननीय सभामुख महोदय,

१८८. नेपालको संविधानले प्रदत्त गरेको अधिकारको प्रयोग गरी जनअपेक्षा अनुरुप प्रदेशमा भरपर्दो शान्ति सुरक्षाको व्यवस्था गरी मानव अधिकारको संरक्षण गरिनेछ ।

१८९. विपद जोखिम न्युनीकरण र व्यवस्थापनका सबै पक्षलाई ध्यानमा राखी संघ र स्थानीय तहसँग समन्वय सहकार्य गरी उच्च सतर्कताका साथ पूर्व तयारी र प्रति कार्यलाई प्राथमिकता प्रदान गरिनेछ ।

१९०. प्रदेश प्रहरी प्रशासनको गठन तथा सञ्चालनका लागि कानूनी व्यवस्था गरिनेछ।

१९१. यस प्रदेशका कारागारभित्र रहेका कैदी बन्दीहरूलाई व्यवसायिक सीप अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

१९२. नेपालसंग सीमा जोडिएको अन्तराष्ट्रिय नाकाहरु मध्ये प्रमुख नाकाहरुमा नागरिक सीमा सहायता कार्यालय तथा अन्य साना नाकाहरुमा नागरिक सीमा सहायता कक्षको स्थापना गरी सोको लागि आवश्यक पर्ने संगठन संरचना तयार गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९३. प्रदेशका जिल्लाहरुबाट सुरक्षा सम्बन्धी सूचना संकलन तथा सम्प्रेषण कार्य छिटो छरितो एवं द्रुत गतिमा गर्न तथा सुरक्षा निकायलाई आवश्यक निर्देशन दिन आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सुरक्षा नियन्त्रण कक्षको स्थापना गरिनेछ ।

१९४. कानुनको प्रयोग र पालनालाई निष्पक्ष र प्रभावकारी तल्याई सर्वसाधारण नागरिकहरुलाई सुशासनको प्रत्याभुति दिलाइनेछ ।

१९५. कानून तर्जुमा सुझाव समितिलाई कानून निर्माणको कार्यमा प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१९६. मुलुकी देवानी र फौजदारी अपराध संहितालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१९७. प्रदेश राजपत्र तथा अन्य सूचना सामग्रीहरु प्रकाशनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

१९८. विपद् जोखिम न्यूनिकरणका लागि प्रादेशिक आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरी केन्द्रीय आपतकालीन कार्यसंचालन केन्द्र, जिल्ला आपतकालीन कार्यसंचलान केन्द्र र स्थानीय तह तथा गैर सरकारी संस्थासंग समन्वय गरी एकीकृत रुपमा कार्य सञ्चालन गरिनेछ ।

१९९. विपद् व्यवसथापन र उद्दार सामाग्रीहरूको भण्डारणको लागि प्रदेशमा गोदाम घर निर्माण गरिनेछ ।

२००. विपद् जोखिम र दुर्घटनामा परेका नागरिक र जीवन जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती महिलालाई हवाई उद्धार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०१. सञ्चार क्षेत्र र संलग्न निकायको स्तर र क्षमता अभिवृद्धि गर्न र आम नागरिकको सूचनाको हक बारे सूसुचित गर्न तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२०२. सरकारी सञ्चार माध्यम एवं नीजि सञ्चार माध्यमहरूसँग सूचना सम्प्रेषणमा समन्वय र सहकार्य गरिनेछ ।

२०३. संवैधानिक व्यवस्था अनुरुप हुने गरी प्रदेशस्तरमा आमसञ्चारलाई व्यवस्थित गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ । साथै, सञ्चार गृह स्थापना गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

२०४. प्रदेशका सबै सरकारी कार्यालयहरूमा विद्युतीय हाजिरी र सार्वजनिक स्थलहरूमा सी.सी. टिभी जडान गरी अनुगमनको व्यवस्था गरिनेछ ।

२०५. प्रदेशको एकल अधिकार सुची तथा संघीय सरकारबाट मापदण्ड तोकी आएका साझा अधिकार सूचीमा उल्लेखित विषयमा प्रदेश सरकारलाई आवश्यक पर्ने थप कानून निर्माण गर्ने कार्यलाई तिव्रता दिइनेछ ।

२०६. प्रदेशस्थित मन्त्रालय र अन्तर्गतका निकायहरूको कार्य जिम्मेवारी, दरवन्दी एवं संगठन संरचना पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्राप्त नतिजालाई कार्यान्वयनमा लगिनेछ ।

२०७. प्रदेशमा रहेका निजामती कर्मचारीहरूको प्रशिक्षणको लागि प्रादेशिक प्रशासनिक प्रशिक्षण प्रतिष्ठान स्थापना गरिनेछ ।

२०८. अनुगमनलाई प्रभावकारी बनाउन जिल्ला समन्वय समितिसँग समन्वय गरिनेछ।

२०९. स्थानीय तहका न्यायिक समितिका संयोजकहरुलाई न्यायिक क्षमता अभिवृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ ।

माननीय सभामुख महोदय,

२१०. प्रदेश सरकारको उल्लेखित नीति तथा कार्यक्रमको परिधिभित्र रही आगामी आर्थिक वर्ष २०७६र०७७ को सीमित स्रोत र साधनका बाबजुद प्रदेश सरकारले अधिक्तम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यहोरा यस गरिमामय सभामा जानकारी गराउँदछु

२११. अन्त्यमा, आर्थिक वर्ष २०७६र०७७ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव, समन्वय र सहयोग गर्नु हुने राजनीतिक दलहरू, प्रदेश सरकारका माननीय मन्त्री एवं प्रदेश सभाका माननीय सदस्यहरू, स्थानीय तहका पदाधिकारीहरू, राष्ट्रसेवक कर्मचारीहरू, विज्ञ

समूदाय, सञ्चार जगत, नागरिक समाज, नीजि क्षेत्र, गैरसरकारी संघसंस्थाहरू र प्रदेशका आम नागरिकहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै, प्रदेश सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्बद्ध सबै पक्षबाट प्रदेश सरकारले सकारात्मक सहयोगको अपेक्षा राखेको छ ।

धन्यवाद ।

*(प्रस्तुत भएपछि)*

५. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ ।

६. **माननीय सदस्यहरु,**

अब माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्लज्यूको प्रस्थान हुने भएकोले आ-आफ्नो स्थानमा उभिई माननीय प्रदेश प्रमुखमा सम्मान प्रकट गरिदिन हुन सम्पूर्ण माननीय सदस्यहरुलाई आग्रह गर्दै अर्को बैठक मिति २०७६ साल जेष्ठ २१ गते मंगलबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।